# आई.एम.ई. लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
## (दर्ता नं. १०८३/०६५/०६६)
## को
## आठौं वार्षिक साधारण सभाको
## काम कारवाहीको विवरण
## (माईन्यूट)

**१. वैधानिक सभाः**

कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली बमोजिम यस कम्पनीको आठौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष डा. रामहरि अर्यालज्यूको अध्यक्षतामा निम्न लिखित मिति, स्थान र समयमा बसी देहायका बिषयहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय भयो ।

**२. साधारण सभाको मिति, स्थान र समयः**

मिति : २०८१ साल फाल्गुन २५ गते आईतबार, (तदनुसार मार्च ९, २०२५)

स्थान : दियो महल, धुम्बाराही, काठमाण्डौं ।

समय : बिहानको ११:०० बजे ।

**३. सभाको सूचनाः**

कम्पनी ऐन, २०६३ को दफा ६७ उप–दफा (२) को प्रावधान अनुसार यस कम्पनीको आठौं वार्षिक साधारण सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयहरु सहितको विवरण खुलाई सभामा उपस्थितिको लागि शेयरधनीहरुलाई सूचना पठाउनुका साथै सोही व्यहोराको सूचना प्रथम पटक मिति २०८१/११/०३ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक र दोस्रो पटक मिति २०८१/११/१३ गतेको कारोवार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो । साथै, उक्त सूचनासंगै कम्पनी ऐन, २०६३ को दफा ८४ को उप–दफा (४) बमोजिम आर्थिक वर्ष २०८०/०८१ को संक्षिप्त वार्षिक आर्थिक विवरण समेत शेयरधनी महानुभावहरुको जानकारीका लागि प्रकाशित गरिएको थियो । सञ्चालक समितिले सो साधारण सभामा प्रस्तुत गर्ने सामान्य/विशेष प्रस्ताव र कम्पनी ऐन, २०६३ बमोजिमको शेयरधनीहरुलाई पठाउनु पर्ने कागजातहरु शेयरधनी महानुभावहरुलाई यथासमयमा पठाइनुका साथै कम्पनीको आधिकारीक वेबसाईट www.imelifeinsurance.com मा समेत राखिएको थियो । सभामा उपस्थितिको लागि नियमनकारी निकाय श्री कम्पनी

रजिष्ट्रारको कार्यालय, श्री नेपाल बीमा प्राधिकरण र कम्पनीका आन्तरीक लेखापरीक्षक तथा बाह्य लेखापरीक्षकलाई पत्र मार्फत आमन्त्रण गरिएको थियो ।

**४. छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिबेदन छलफल गरी पारित गर्ने सम्बन्धमा ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८०/०८१ (NFRS बमोजिम) को वासलात, नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तन तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धीत अनुसूचीहरु सहितको वित्तीय विवरण माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।

(३) कम्पनीको लेखापरीक्षण समितिबाट सिफारिस भई आए बमोजिम आर्थिक वर्ष २०८१/०८२ का लागि कम्पनीको बाह्य लेखापरीक्षकको नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा । (वर्तमान लेखापरीक्षक श्री एस.ए.आर एशोसिएट्स चाटर्ड एकाउन्टेन्ट्स पुनः नियुक्त हुन सक्नु हुनेछ)

(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०८०/०८१ को वितरण योग्य मुनाफाबाट कम्पनीको हाल कायम रहेको चुक्ता पूँजी रु. ५,००,००,००,०००/-(अक्षरेपी पाँच अर्व मात्र) को २१.०५२६४% (अक्षरेपी एक्काईस दशमलव शुन्य पाँच दुई छ चार प्रतिशत) का दरले हुने रकम रु. १,०५,२६,३२,०००/-(अक्षरेपी एक अर्व पाँच करोड छब्बीस लाख बत्तीस हजार रुपैंया मात्र) नगद लाभांश (कर प्रयोजन समेतको लागि) वितरण गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

**(ख) विशेष प्रस्तावहरु :**

(१) कम्पनीको प्रबन्ध-पत्र तथा नियमावली अभिलेख गर्ने निकायबाट कुनै फेरवदलको निर्देशन प्राप्त भएमा सोही अनुसार फेरवदल गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

(२) कम्पनी ऐन, २०६३ को दफा १०५(१) (ग) बमोजिम आर्थिक वर्ष २०८०/०८१ मा कम्पनीबाट संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएका खर्चहरु अनुमोदन गर्ने सम्बन्धमा ।

(ग) विविध ।

## ५. उपस्थितिः

### ५.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुसार उपस्थित सञ्चालकहरुः

| | |
|---|---|
| १. डा. रामहरि अर्याल | अध्यक्ष |
| २. श्री उषा ढकाल, प्रतिनिधि श्री एक्रश होल्डिङ्ग प्रा.लि | सञ्चालक |
| ३. श्री विनोद के.सी. | सञ्चालक (स्वतन्त्र) |
| ४. श्री सिताराम थापा | सञ्चालक |
| ५. श्री संदीप अग्रवाल | सञ्चालक |
| ६. श्री रविन कुमार नेपाल | सञ्चालक (सर्वसाधारण शेयरधनी समूह) |

### ५.२ अन्य पदाधिकारीको उपस्थितिः

| | |
|---|---|
| १. श्री पवन कुमार खड्का | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री दिनेश बहादुर अमात्य | उप–कार्यकारी प्रमुख |
| ३. श्री खिलेन्द्र पौडेल | उप–कार्यकारी प्रमुख |
| ४. श्री सुदिप राणा | प्रमुख, जोखिमाङ्कन विभाग |
| ५. श्री जगत बहादुर बोहरा | प्रमुख, वित्त विभाग |
| ६. श्री इन्द्र राज सुवेदी | प्रमुख, बजार व्यवस्थापन अधिकृत (प्रदेश कोशी, मधेश र बागमती) |
| ७. श्री चन्द्र प्रसाद भट्टराई | प्रमुख, बागमती प्रदेश |
| ८. श्री सुनिल कुमार आचार्य | प्रमुख, तालिम विभाग |
| ९. श्री त्रिलोचन रावत | प्रमुख, जोखिम तथा परिपालन विभाग |
| १०. श्री प्रकाश न्यौपाने | कम्पनी सचिव/प्रमुख, दाबी विभाग |
| ११. श्री सन्दीप सुवेदी | प्रमुख, सूचना प्रविधि विभाग |
| १२. श्री नारायण पौंडेल | प्रमुख, एजेन्सी बिभाग |
| १३. श्री हेमहरि श्रेष्ठ | प्रमुख, मानव संशाधन |
| १४. श्री तारा बहादुर खत्री | प्रमुख, ब्रान्डिङ विभाग |
| १५. श्री अमित पछाई | प्रमुख, बीमाङ्कीय विभाग |
| १६. श्री निराजन कार्की | प्रमुख, प्रशासन विभाग |

### ५.३ आमन्त्रित :

१. श्री नेपाल बीमा प्राधिकरण —

श्री प्रकाश घिमिरे

२. श्री कम्पनी रजिष्ट्रारको कार्यालय
३. श्री एस.ए.आर एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्स फर्म, बाह्य लेखापरीक्षक –
४. श्री वी. वी जोशी एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्स फर्म, आन्तरीक लेखापरीक्षक –

**५.४ शेयरधनीहरुको उपस्थितिः**

१. स्वयं उपस्थित हुने शेयरधनीको संख्याः ८१२ ।

२. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीको संख्याः २९ ।

३. जम्मा उपस्थित संख्या : ८४१ ।

**६.गणपूरक संख्या (कम्पनी ऐन,२०६३ को दफा ७३ बमोजिम)**

| विवरण (समूह) | जम्मा शेयर संख्या | उपस्थित शेयरधनी | | उपस्थित (शेयर संख्या) | | जम्मा शेयरधनी संख्या | जम्मा शेयर संख्या |
|---|---|---|---|---|---|---|---|
| | | स्वयं | प्रतिनिधि मार्फत | स्वयं | प्रतिनिधि मार्फत | (स्वयं तथा प्रतिनिधि) | (स्वयं तथा प्रतिनिधि मार्फत) |
| संस्थापक शेयरधनी | ३,५०,००,०००.०० | २३ | २४ | १,५६,४७,५६७.७५ | १,४२,८१,०५५.७५ | ४७ | २,९९,२८,६२३.५ |
| सर्वसाधारण | १,५०,००,०००.०० | ७८९ | ५ | १,६६,६०८.२५ | २,४७,०२९.२५ | ७९४ | ४,१३,६३७.५० |
| कूल शेयर संख्या | ५,००,००,०००.०० | ८१२ | २९ | १,५८,१४,१७६.०० | १,४५,२८,०८५.०० | ८४१ | ३,०३,४२,२६१.०० |
| | | | | | कूल प्रतिशत (%) | ६०.६८% | |

**७. सभाको वैधानिकताः**

७.१ कम्पनी ऐन, २०६३ तथा यस कम्पनीको नियमावली बमोजिम यो सभा बोलाइएको र कम्पनीको नियमावलीको नियमको २३ अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कूल शेयर संख्याको कम्तिमा ५१ प्रतिशतको शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनी स्वयं वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थिति नभई साधारण सभाको काम कारवाही प्रारम्भ हुनेछैन भन्ने व्यवस्था रहेकोमा यस कम्पनीको आठौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या ८१२ र प्रतिनिधिहरु मार्फत प्रतिनिधित्व गर्नेहरुको संख्या २९ गरी जम्मा ८४१ भएको र

कुल शेयरको ६०.६८% प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा बैधानिक भएको जानकारी गराउनु भयो ।

७.२ यस कम्पनीको नियमावलीमा प्रावधान भए बमोजिम यस सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूले गर्ने व्यवस्था कम्पनी सचिवले जानकारी गराएपछि विहानको ११:०० बजे अध्यक्ष डा. रामहरि अर्यालज्यूको अध्यक्षतामा यस कम्पनीको आठौं वार्षिक साधारण सभा सुरु भयो ।

## ८. वार्षिक साधारण सभाको प्रस्तुतिः

१. सभाका अध्यक्षज्यूले उपस्थित हुनुभएका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्दै पूर्व निर्धारित छलफलको विषय सूचि अनुसार आ.व.२०८०/०८१ को सञ्चालक समितिको वार्षिक प्रतिबेदनका सम्बन्धमा विस्तृतरुपमा जानकारी दिनुभयो र छलफलका लागि सभा समक्ष प्रस्तुत गर्नु भयो । सँगसगै लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक बर्ष २०८०/०८१ (NFRS बमोजिम) को वासलात, नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तन तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धीत अनुसूचिहरु सहितको वित्तीय विवरण माथि छलफल गरी पारित गर्ने सम्बन्धमा विस्तृतरुपमा सभा समक्ष पेश गर्नुभयो । । सो सम्बन्धमा लेखापरीक्षण सहितको २०८१ आषाढ मसान्त सम्मको रु. १८,००,४४,८१,८७४ । (अक्षरेपी अठार अर्ब चौवालिस लाख एकासि हजार आठ सय चौहत्तर रुपैंया मात्र) को पूँजी र दायित्व तथा जायजेथा भएको वासलात र खुद मुनाफा (आयकर पश्चात) रु. ६१,७४,८९,४८४। (अक्षरेपी एकसट्ठी करोड चौहत्तर लाख उनान्नब्बे हजार चार सय चौरासी रुपैंया मात्र) रहेको आ.व.२०८०/०८१ को नाफा नोक्सान हिसाव तथा महा–विपत्ति कोष वापत रु. ६,७२,९८,७८२। (अक्षरेपी छ करोड बहत्तर लाख अन्ठानब्बे हजार सात सय बयासी रुपैंया मात्र), स्थगन कर जगेडा वापत रु. २,६५,८५,७३६। (अक्षरेपी दुई करोड पैसट्ठी लाख पचासी हजार सात सय छत्तिस रुपैंया मात्र) र अन्य जगेडा वापत रु. ४२,३३,०९५ (अक्षरेपी बयालिस लाख तेत्तीस हजार पन्चानब्बे रुपैंया मात्र) छुट्याई अघिल्लो वर्षसंग सम्बन्धीत आम्दानी रु. १,५२,१३,९७०। (अक्षरेपी एक करोड बाउन्न लाख तेह्र हजार नौं सय सत्तरी रुपैंया मात्र) तथा आ.व.२०७९/०८० को प्रदान गरिएको लाभांशमा लाग्ने कर रु ५,२६,३१,५७९। (अक्षरेपी पाँच करोड छब्बिस लाख एकतिस हजार पाँच सय उनासी रुपैंया मात्र) को समायोजन गरी बाँकी रहेको संचित मुनाफा र गत वर्षसम्मको संचित मुनाफाबाट स्थानान्तरण गरीएको संचित मुनाफा रु. ६१,७०,८७,३२३। (अक्षरेपी एकसट्ठी करोड सत्तरी लाख सतासी हजार तीन सय तेइस रुपैंया मात्र) सहित संचित मुनाफा रु.

१,१५,२२,१२,०५७। (अक्षरेपी एक अर्व पन्ध्र करोड बाईस लाख बाह्र हजार सन्ताउन्न रुपैंया मात्र) वासलातमा सारिएको तथा अन्तिम नगद तथा बैंक मौज्दात रु. ६१,६८,७८,०२३। (अक्षरेपी एकसट्ठी करोड अठसट्ठी लाख अठहत्तर हजार तेइस रुपैंया मात्र) भएको नगद प्रवाह विवरण सहितको वासलात, नाफा-नोक्सान हिसाव विवरण छलफलको निमित्त सभा समक्ष पेश गर्नु भयो।

**९. छलफलको लागि आव्हान र शेयरधनी महानुभावहरुः**

**९.१** यस कम्पनीको आ.व.२०८०/०८१ को सञ्चालक समितिको वार्षिक प्रतिबेदन र आर्थिक वर्ष २०८०/०८१ (NFRS बमोजिम) को वासलात, नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तन तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धीत अनुसूचिहरु सहितको वित्तीय विवरण माथि आ-आफ्नो मन्तव्य प्रकट गर्न, सो सम्बन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन अध्यक्षज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात देहायका शेयरधनीहरुले छलफलको कममा देहाय अनुसार जिज्ञासा एवं सुझावहरु व्यक्त गर्नु भएको थियो।

**९.२ छलफलमा सहभागी भई मन्तब्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम :**

१. श्री उद्धव प्रसाद घिमिरे।
२. श्री भेष राज भण्डारी।
३. श्री भक्ति प्रसाद उप्रेति।
४. श्री नरसिंह लाल चंखु।
५. श्री अमिर दास रञ्जित
६. श्री गुणराज भट्ट।
७. श्री ब्रम्हदेव शाक्य।
८. श्री सुदिप श्रेष्ठ।
९. श्री शत्रुधन श्रेष्ठ ।
१०.श्री युगल बोसेल।
११.श्री चन्द्र नारायण श्रेष्ठ।
१२.श्री निरुपमा गुप्ता।
१३. श्री कृष्ण प्रसाद अधिकारी।
१४. श्री ध्रुव राज न्यौपाने।
१५. श्री उत्तम पाठक।

लिखित राय सुभाव

१६. श्री लक्ष्मण बहादुर श्रेष्ठ।
१७. श्री उत्तम दत्त पाण्डे।
१८. श्री जगन्नाथ आचार्य।
१९. श्री गोविन्द बहादुर के.सी.।
२०. श्री इन्द्र प्रसाद लामिछाने।

**१०.छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुले सामूहिक रुपमा व्यक्त गर्नु भएका धारणाः**
आ-आफ्नो मन्तब्य प्रकट गर्ने कममा शेयरधनीहरुले सर्वप्रथम कम्पनीले आठौं वार्षिक साधारण सभा आयोजना गर्न सफल भएकोमा कम्पनीको सञ्चालक समिति तथा व्यवस्थापनलाई हार्दिक

बधाई व्यक्त गर्नुभयो । लगातार एक क्यालेन्डर वर्षमा दुई पटक लाभांश प्रस्ताव गर्न सफल भएकोमा कम्पनीका सञ्चालक समितिका अध्यक्ष, सदस्य, प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापन समूह, कर्मचारी र कम्पनीमा आबद्ध सम्पूर्ण अभिकर्ताहरुलाई धन्यवाद दिनु भयो । कम्पनीको वित्तीय सूचकांक प्रगतिउन्मुख रहेको र कम्पनीले विशेषत Market share, EPS, Solvency margin, जगेडा तथा कोष र व्यापार व्यवसाय वृद्धि गर्नुपर्ने, लगानीलाई विविधिकरण गरी उच्च प्रतिफल प्राप्त गर्ने क्षेत्रको पहिचान गरी लगानी गर्नुपर्ने, लगानी कम्पनीको स्थापना गर्नुपर्ने, कम्पनीको संस्थापक तर्फको शेयरलाई क्रमिकरुपमा सर्वसाधारण शेयरमा परिर्वतन गरी संस्थापक तर्फ ५१% र सर्वसाधारण तर्फ ४९% कायम गर्ने तर्फ आवश्यक कार्य गर्नुपर्ने, आगामी दिनमा बोनस शेयर सहितको नगद लाभांशको अपेक्षा गर्दछौं भन्ने जस्ता धारणाहरु राख्नु भयो । साथै कम्पनीले सुशासन, पारदर्शिता र मितव्ययी तवरमा आफ्नो काम कारवाही गरीरहेकोले सि.एस.आरलाई विशेषत् गरिव, पिछडिएका, असहाय तथा अपाङ्गहरुमा आश्रित परिवारको शैक्षिक स्तरमा टेवा पुग्ने किसिमले गर्नुपर्ने र नियमित नियमन गर्नुपर्ने, कम्पनीले प्रविधिमैत्री प्रणालीको विकास गरी सेवा प्रवाह गर्नुपर्ने, कम्पनीले प्राप्त गरको BBB+ र विभिन्न तीन विधामा अन्तर्राष्ट्रिय स्तरबाट प्राप्त गरेको सम्मानमा खुसि व्यक्त गर्दछौं भन्ने विषयहरु पनि राख्नु भयो । त्यस्तै आगामी दिनमा यस प्रकारका सम्मानहरु प्राप्तिमा निरन्तरता दिन शुभकामना दिन चाहन्छौं र कम्पनीको आफ्नो भवन निर्माणका सम्बन्धमा रहेको धारणा तथा योजनाका बारे स्पष्टरुपमा जानकार हुन चाहन्छौं तथा आगामी वर्षमा समयमा वार्षिक साधारण सभा सम्पन्न गर्न सफल होस् अग्रीम शुभकामना भन्ने जस्ता विषयलाई राख्नुभयो ।

**११. छलफलमा सहभागी हुनेहरुको आ-आफ्नो बिचार प्रस्तुतिकरण :**

छलफलको क्रममा शेयरधनी वक्ताहरुले बुँदागतरुपमा देहाय बमोजिमको धन्यवाद, विचार तथा सुझाव एवं मन्तव्य व्यक्त गर्नु भएको थियो ।

**१. श्री उद्धव प्रसाद घिमिरे ।**

कम्पनीका आठौं वार्षिक साधारण सभाका सभाध्यक्ष तथा सञ्चालक समितिका अध्यक्ष, सञ्चालक समितिका सदस्य, Dynamic प्रमुख कार्यकारी अधिकृत, कम्पनीका कर्मचारी, मिडियाकर्मी तथा उपस्थित सम्पूर्ण मनुभावहरुमा मेरो नमस्कार छ । कम्पनीको Balance Sheet को Portfolio अत्यन्त राम्रो छ । सञ्चालन भएको छोटो अवधिमा २१.०५२६४% नगद लाभांश प्रस्ताव गर्नु प्रशंसनीय छ । यसका लागि कम्पनीका सञ्चालक समिति, व्यवस्थापन समिति तथा सम्पूर्ण

कर्मचारीहरुलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु । आगामी दिनमा पनि कम्पनीबाट यस प्रकारको प्रतिफल प्राप्त गर्ने अपेक्षा गरेका छौं । कम्पनीलाई Indian Chamber of Commerce (ICC) ले थाईल्याण्डको राजधानी बैंककमा अयोजना गरेको पाँचौं संस्करणको ICC Emerging Asia Insurance Conclave & Awards जस्तो आन्तर्राष्ट्रिय स्तरमा ख्याति प्राप्त समारोहमा विभिन्न तीन विधामा विभुषित गर्नु आफैमा कदरयोग्य कार्य हो । त्यसैगरी केयर रेटिङ्ग नेपालबाट कम्पनीले BBB+ (Triple B Plus) रेटिङ्ग प्राप्त गरेकामा सबैलाई बधाई व्यक्त गर्न चाहन्छु । कम्पनीको सञ्चालक समिति, व्यवस्थापन समिति, तथा विभागिय प्रमुख लगायत समग्रमा कम्पनीमा कार्यरत रहेका कर्मचारीहरुको अथक प्रयास तथा मेहनतबाट आज कम्पनीले शेयरधनीहरुलाई उचित प्रतिफल दिन सफल भएको छ । कम्पनीको पूँजी संरचना हाल संस्थापक तर्फ ७०% र सर्वसाधारण तर्फ ३०% रहेकोमा उक्त संरचनालाई क्रमिक तवरमा संस्थापक तर्फ ५१% र सर्वसाधारण तर्फ ४९% कायम गर्न कम्पनीले आवश्यक कार्य गर्नुपर्ने सुझाव दिन चाहन्छु । कम्पनीको व्यापार व्यवसाय तथा बीमाशुल्क संकलन, नाफा, Return earning लगायत अन्य परिसूचक राम्रो रहेको छ । यदपि आगामी दिनमा कम्पनीको जोखिमाङ्कन सम्बन्धी कार्यलाई थप प्रभावकारी बनाई New Product and Digital Service मा ध्यान दिन सुझाव दिन चाहन्छु । अन्त्यमा यस कम्पनीको उन्नति तथा प्रगतिको कामना गर्दछु ।

**२. श्री भेषराज भण्डारी ।**

यस कम्पनीको बारेमा आफुलाई लागेका कुराहरू कम्पनीको शेरधनीको नाताले सभामा राख्न दिएकोमा धन्यवाद दिन चाहन्छु । आठौं वार्षिक सभाका सभाध्यक्षज्यू ड्यासमा आसिन सञ्चालकज्यूहरू र फोटो पत्रकारहरू, भिडियो पत्रकारहरू यस सभामा आसिन सम्पूर्ण शेरधनी मित्रहरु सबैमा हार्दिक नमस्कार छ । यस कम्पनीको वित्तिय विवरण राम्रो छ । छोटो समयावधिमा राम्रो प्रतिफल दिन सफल भएको छ । कम्पनीले पूर्णरुपमा नगद लाभांश मात्र नभएर बोनस शेयर सहितको नगद लाभांश प्रस्ताव गरेको भए साना लगानीकर्ताहरुलाई राम्रो हुने थियो । आगामी दिनमा यस बारे कम्पनीले ध्यान दिने अपेक्षा लिएको छु । बाह्य लेखापरीक्षक नियुक्ति तथा निजको पारिश्रमिक चित्त बुझ्दो छ । कम्पनीले जगेडा तथा कोष वृद्धिमा ध्यान दिनुपर्ने अवस्था छ । अभिकर्ताको कमिशन घट्नुको कारण खुलाई दिनुहुन अनुरोध छ । अन्तर्राष्ट्रिय स्तरबाट सम्मान प्राप्त गर्नु सम्पूर्ण शेयरधनी तथा कर्मचारीहरु लागि अत्यन्त खुशिको विषय भएकोले आगामी दिनमा यस किसिमको सम्मानबाट निरन्तररुपमा सम्मानित हुने अपेक्षा सहित

आगामी दिनहरूमा अझै सफलताको कामना गर्दै आजको यो सभा सफल होस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

**३. श्री भक्ति प्रसाद उप्रेती ।**

अध्यक्ष महोदय, सञ्चालकज्यूहरु, व्यवस्थापन समूहका मित्रहरु, शेयरधनी साथिहरु र अन्य सवै तहका कर्मचारी मित्रहरु सर्वप्रथम वार्षिक साधारण सभाको सफलताको कामना गर्दछु । कम्पनीको सभा तोकिएको समयमा सञ्चालन भएको हुँदा कम्पनीको Promoptness राम्रो छ । यस प्रकारको Promoptness र Efficiency कम्पनीको व्यावसायमा पनि आगामी बर्षहरु रहि रहोस भन्ने कामना गर्दछु । अन्य कम्पनीले लाभांश घोषणा गर्न नसकि रहेको अवस्थामा कम्पनीको प्रस्तावित लाभांशका लागि धन्यवाद दिन चाहन्छु । गत बर्षको तुलनामा व्यावसाय वृद्धि भएको छ भने अन्य आयहरु पनि प्रगतिउन्मुख छन् । खुद नाफा पनि अघिल्लो वर्षको तुलनामा वृद्धि भएको देखिन्छ । अन्तर्राष्ट्रिय सम्मान तथा Triple BBB+ का लागि कम्पनीको समूहलाई बधाई दिन चाहन्छु । कम्पनीले अन्तरीक लेखापरीक्षण ईकाइ गठन गर्नुपर्ने र आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र साधारण सभा सम्पन्न गर्न सुझाव दिन चाहन्छु ।

**४. श्री नरसिंह लाल चंखु ।**

आजका सभाका सभाध्यक्ष महोदय, ड्यासमा बस्नु भएका सञ्चालक वर्ग, व्यवस्थापन समिति र उपस्थित शेयरधनीहरु सबैलाई नमस्कार । वार्षिक प्रतिवेदनमा उल्लेखित वित्तीय सूचकांकले कम्पनीको आर्थिक अवस्था तथा गतिविधि प्रगतिउन्मुख रहेको देखिन्छ । २१.०५२६४% नगद लाभांश दिने प्रस्तावका लागि आई.एम.ई. लाइफ इन्स्योरेन्स परिवालाई धन्यवाद दिन चाहन्छु । बीमा कोष, बीमा शुल्क, शेयर प्रिमियम, return earning ratio र Income ratio मा भएको सुधारत्मक गतिविधि प्रशंसनीय छ । प्राप्त वित्तीय विवरणबाट लगानीको प्रबर्द्धन र Cost of fund को नियन्त्रणले गर्दा EPS र Net profit मा सुधार आएको देखिन्छ । कम्पनीले आम्दानी तथा लगानीको क्षेत्रलाई थप मजबुद बनाएर अगाडी बढ्नु पर्ने सुझाव दिन चाहन्छु । कम्पनीले विभिन्न पक्षबाट असूल उपर गर्नुपर्ने हिसावमा ध्यान दिनु पर्ने सुझाब दिन चाहन्छु । कम्पनीको Strategic objectives र Business Objectives थप सुधारत्मक तथा मजबुत हुनु पर्ने देखिन्छ । कम्पनीको Brand value, value creditability, code of conduct, ethical principle, confidentality, compliance, professsionalism तथा accountability को क्षेत्रमा अग्र स्थान हासिल गर्न सफल भएको देखिन्छ । कम्पनीको Customer oriented, market oriented र profit oriented

managament आवधारणाले गर्दा कम्पनीले Brand image र good will कायम राख्न र वर्तमान बजारमा आफ्नो पहिचान स्थापना गर्न सफल भएको देखिन्छ । कम्पनीको ROA, ROE, ROI लगायत NII ratio, Solvency margin पनि सन्तोषजनका रहेको देखिन्छ । कम्पनीले लगानी विविधिकरणमा र आफ्नो Subsidary Company स्थापना गरी insurance bond जारी गर्न तर्फ ध्यान दिनु पर्ने सुझाव दिन चाहन्छु । अन्त्यमा विभिन्न विधामा अन्तर्राष्ट्रिय स्तरबाट प्राप्त सम्मानका लागि धन्यवाद दिदै कम्पनीको शाखाको व्यावसायिक क्षमता अझ विकास गर्दै लिनु पर्ने सुझाव सहित कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

**५. श्री अमिर दास रञ्जित ।**

अध्यक्ष महोदय, सञ्चालक समितिका सदस्यज्यूहरु, व्यवस्थापन समितिका पदाधिकारीज्यूहरु र मेरा शेयरधनी साथीहरु सबैमा मेरो नमस्कार । सर्वप्रथम गत वर्ष २५% बोनस शेयर दिए पश्चात यस बर्ष २१.०५२६४% नगद लाभांश दिने प्रस्तावका लागि सञ्चालक समिति लगायत सवैलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु । आगामी दिनमा पनि यस प्रकारको प्रतिफलको अपेक्ष लिएका छौं । व्यावसायिक पुनरावलोकन गर्दा राष्ट्र स्तरमा भएको वृद्धिदर र कम्पनीको व्यावसायको वृद्धिदरको मुल्याङकन सहितको हिस्सा समावेश गर्दा राम्रो हुने सुझाव दिन चाहन्छु । कम्पनीको बीमा शुल्क संकलन तथा व्यावसाय राम्रो रहेको छ । कम्पनीको जगेडा तथा कोष वृद्धिमा ध्यान दिनु पर्ने सुझाव दिन चाहन्छु । शेयरधनीहरुलाई बोनस शेयर सहित नगद लाभांश दिदा राम्रो हुने भएकोले आगामी दिनमा सो विषयलाई उचित तवरमा सम्बोधन हुने विश्वास लिएको छु । कम्पनीले लगानी विविधिकरणमा थप ध्यान दिनु पर्ने सुझाव दिदैं कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

**६. श्री गुणराज भट्ट ।**

आई.एम.ई. लाइफ इन्स्योरेन्स कम्पनीको आठौं वार्षिक साधारण सभाका आदरणीय सभाध्यक्षज्यू, सञ्चालकज्यूहरु, कम्पनीका अनुशासित तथा कर्मठ साथीहरु, फोटो पत्रकार बन्धुहरु तथा यस सभामा उपस्थित आदरणीय शेयरधनीहरु सबैमा नमस्कार छ । खस्किएको अर्थतन्त्रको समयमा पनि २१.०५२६४% नगद लाभांश दिने प्रस्तावका लागि सञ्चालक समिति लगायत सम्पूर्णलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु । आगामी दिनमा पनि यस प्रकारको प्रतिफलको अपेक्षा लिएका छौं । नेपाल सरकारले जीवन बीमा वापत १ लाखसम्म कर छुट दिने व्यवस्था मिलाउनु पर्छ जसले गर्दा जीवन बीमाको बजारीकरणमा ठुलो योगदान हुने मेरो व्यक्तिगत धारणा छ । अन्त्यमा

आई.एम.ई. लाइफ इन्स्योरेन्स कम्पनीको आठौं वार्षिक साधारण सभाको सफलताको कामना गर्दछु ।

**७. श्री ब्रम्हदेव शाक्य ।**

सवैलाई नमस्कार, यस साधारण सभामा आफुलाई लागेका तीन विषयहरु राख्न चाहन्छु । प्रथम, यस सभामा छलफलका लागि पेश भएको सामान्य तर्फका ४ र विशेषतर्फका २ प्रस्तावहरु मध्ये शेयरधनीहरुको आकर्षणकारुपमा रहेको सामान्य प्रस्ताव को प्रस्ताव नं ४ बमोजिम कर सहित २१.०५२६४% नगद लाभांश वितरण गर्ने प्रस्तावको सर्हष समर्थन गर्दछु र यस्तो प्रस्ताव घोषणा गर्ने गरी काम गर्नुहुने सवैमा धन्यवाद ज्ञापन गर्दछु । दोस्रो सामान्य प्रस्ताव तर्फ सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको प्रतिवेदन यर्थाथपरक र उत्साहउन्मुख रहेको छ । कम्पनीले आर्जन गरेको मुनाफाबाट नियमनकारी निकायबाट तोके बमाजिमको चुक्ता पूँजी कायम गर्न सफल भएको र बीमा कोषमा आर्थिक वर्ष २०८१/०८२ को पुष मसान्तसम्म १० अर्ब ८७ करोड भन्दा बढी र सोही अवधिमा जगेडा तथा कोषमा २ अर्ब ३९ करोड भन्दा बढी संकलन गर्न सफल भई सुशासन, पारदर्शिता लगायतका विषयहरुलाई ध्यान दिदैं शेयरधनीहरुलाई उच्चतम प्रतिफल दिने प्रतिबद्धता अध्यक्षज्यूको प्रतिवेदनबाट पाएकोले हामीलाई थप हौसला तथा भरोसा प्राप्त भएको छ । त्यसैगरी प्रमुख कार्यकारीको मन्तव्यबाट कम्पनीले प्राप्त गरेका उपलब्धिहरुको कम्पनीको योजना बमोजिम नै भएको र शेयरधनीहरुको लगानीलाई सुरक्षित गर्दै उचित प्रतिफल वितरण गर्न लिएको लक्ष्य सराहनिय छ । कम्पनीलाई एक पछि अर्को सफलता मिल्दैं जाओस् । तेस्रो, लेखापरीक्षक नियुक्तिलाई यथावत रहन सक्ने प्रस्तावलाई समर्थन गर्न चाहन्छु । अन्त्यमा सञ्चालक समिति, व्यवस्थापन समिति, कर्मचारी, बीमा अभिकर्ता लगायत सबैलाई धन्यवाद दिदैं कम्पनीले अन्तर्राष्ट्रिय स्तरमा पाएको सम्मानका लागि सवैलाई धन्यवाद दिन चाहन्छु ।

**८. श्री सुदिप श्रेष्ठ ।**

आदरणीय सभाध्यक्षज्यू लगायत उपस्थित सबैलाई नमस्कार । शेयरधनीहरुको प्रमुख अपेक्षा भनेको आफ्नो लगानीबाट उचित प्रतिफल प्राप्त गर्नु हो । कम्पनीले आफ्नो शेयरधनीहरुको अपेक्षालाई सुरक्षित गर्दै २१.०५२६४% नगद लाभांश वितरण गर्ने प्रस्ताव घोषणा गर्न सफल भएकोमा धन्यवाद दिन चाहन्छु । कम्पनीको जीवन बीमा कोष अघिल्लो आर्थिक वर्षको तुलनामा वृद्धि भएको देखिन्छ । वार्षिक आकर्षक प्रतिफल दिनु आफैमा कम्पनीको सञ्चालक समिति, व्यवस्थापन

समिति तथा कर्मचारीहरु सक्षम रहेको भन्ने व्यहोरालाई पुष्टि गर्दछ । अन्तर्राष्ट्रिय स्तरमा पाएको सम्मान र क्येर रेटिङ्गबाट प्राप्त रेटिङ्गले थप काम गर्न उर्जा मिल्ने अपेक्षा लिएको छु । कम्पनीले अभिकर्तालाई के–कस्ता प्रोत्साहन प्रदान गर्दै आएको छ ? सो सम्बन्धमा जानकारीका लागि अनुरोध छ । व्यावसायिक बजारीकरणको विविधिकरणमा ध्यान दिन र सामाजिक उत्तरदायित्व अन्तर्गत भएका खर्चहरुको विस्तृत जानकारीका लागि अनुरोध गर्दछु । त्यसैगरी कम्पनीमा हाल बीमालेख समर्पण अवस्थाको जानकारीका लागि अनुरोध गर्दछु ।

**९. श्री शत्रुघन श्रेष्ठ ।**

गरिमामय साधारण सभाका अध्यक्षज्यू, सञ्चालकज्यूहरु, प्रमुख कार्यकारी अधिकृतज्यू, कम्पनी सचिवज्यू सबैमा नमस्कार । कम्पनीले नियमनकारी निकायले तोके बमोजिमको चुक्ता पूँजी कायम गरीसकेको हुनाले नगद लाभांश नै घोषणा गर्नुपर्ने र सोही बमोजिम कम्पनीले २१.०५२६४% नगद लाभांश घोषणा गरेकोमा सबैलाई धन्यवाद । भविष्यमा पनि यस किसिमको उच्चतम् लाभांशको अपेक्षा गर्दछु । कम्पनीले अब EPS मा ध्यान दिनु पर्ने सुझाव दिन चाहन्छु । कम्पनीले कूल बीमा कोष, प्रथम बीमा शुल्क संकलनमा वृद्धि गरेको देखिन्छ । अन्तर्राष्ट्रिय स्तरमा पाएको सम्मानले कम्पनीको छविलाई अन्तर्राष्ट्रियकरण गर्नमा ठूलो सहयोग पुर्याएको छ । कम्पनीले अग्रणी जीवन बीमा कम्पनीको रुपमा आफुलाई स्थापन गर्न जीवन बीमा जागरुकता, अभिकर्ता उत्पादन, प्रभावकारी सेवा विस्तार, व्यावसायमा पारदर्शिता, सरल दाबी भुक्तानी, प्रविधिमैत्री प्रणालीको विकास र कर्मचारी मनोबल वृद्धिमा थप ध्यान दिनु पर्ने सुझाव दिन चाहन्छु । अन्त्यमा कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

**१०. श्री युगल बोसेल ।**

सम्पूर्णमा नमस्कार । गत वर्षको जस्तै यस वर्ष पनि उच्च लाभांश अर्थात २१.०५२६४% लाभांश वितरण गर्ने प्रस्तावका लागि सम्पूर्णलाई धन्यवाद । बोनस शेयर सहितको नगद लाभांश भएको भए अझ राम्रो हुनेथियो । आगामी वर्षमा यस विषयमा ध्यान दिनु हुने आशा लिएको छु । कम्पनीको बीमा शुल्क, खुद नाफा, प्रथम बीमा शुल्क, EPS, बीमालेख योजनामा वृद्धि भएको देखिन्छ जुन प्रशंसनीय छ । सभाका लागि उचित समय तथा पायक स्थानको लागि सञ्चालक समिति तथा व्यवस्थापनलाई आग्रह गर्दछु । कम्पनीको जगेडा तथा कोष र Solvency margin घटेको देखिन आएको छ, सो को कारण खुलाईदिनुहुनका लागि अनुरोध गर्दछु । अन्त्यमा कम्पनीको उन्नति तथा प्रगतिको कामना गर्दछु ।

### ११. श्री चन्द्र नारायण श्रेष्ठ (मौखिक तथा लिखित राय सुझाव) ।

सञ्चालक वर्ग लगायत सबैमा हार्दिक नमस्कार सहित अभिवादन छ । कम्पनीको नाफा, प्रथम बीमा शुल्क तथा कूल सम्पत्ति वृद्धि भएको देखिन्छ । कम्पनीको चुक्ता पूँजी नेपाल बीमा प्राधिकरणले तोके बमाजिम कायम भैसकेको पश्चात आर्थिक वर्ष २०८०/०८१ मा शेयरधीहरुले २१.०५२६४ % लाभांश वितरण गर्ने प्रस्ताव प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । यो प्रतिफल यस अघिको वर्ष बमोजिमको बराबरीमा रहेको र कम्पनीले एक क्यालेन्डर वर्षमा दुई पटक लाभांश वितरण गर्न सफल भएको छ । दाबी भुक्तानीका सम्बन्धमा समग्रमा १४ वटा जीवन बीमा कम्पनीको गत वर्षको तुलनामा आर्थिक वर्ष २०८०/०८१ मा १७.६९% ले वृद्धि भएकोमा कम्पनीको दाबी गत वर्षको तुलनामा ८.६९% ले वृद्धि भएको देखिन्छ । कम्पनीको बीमा शुल्क संकलनमा वृद्धि भएसंगै व्यवस्थापन खर्च समेत वृद्धि भएको देखिन्छ । अन्त्यमा कम्पनीको आठौं वार्षिक साधारण सभाको सफलताको कामना सहित कम्पनीको उन्नति तथा प्रगतिको कामना गर्दछु ।

### १२. श्री निरुपमा गुप्ता ।

आयोजित सभाका अध्यक्षज्यू, मन्चमा आसिन पदाधिकारीज्यू एवम् उपस्थित सज्जनवृन्दहरु सबैमा मेरो नमस्कार छ । आर्थिक वर्ष २०८१/०८२ को पुष मसान्तसम्म कम्पनीको EPS १०.७१%, PE Ratio ४६.५% र book value १५२.२३ रहेको छ साथै अन्य वित्तीय परिसूचकहरु सबै सकारात्मक र प्रशंसनिय छन् । प्रस्तावित २१.०५२६४% नगद लाभांशका लागि सबैलाई धन्यवाद दिदैं आगामी दिनहरुमा बोनस शेयर सहितको नगद लाभांशको अपेक्षा गर्दछु । सि.ए.आरमा पिछडिएका, न्यून वर्गिय, असक्त तथा असहायहरुको शिक्षा तथा जीवन स्तरमा टेवा पुग्ने किसिमका कार्यहरुमा प्राथमिकता दिनका लागि सुझाव दिन चाहन्छु । कम्पनीको Strategy र planning राम्रो छ र खर्च पनि समयसान्दर्भिक भएको देखिन्छ । कम्पनीको Investment Policy को बारेमा जानकार हुनका लागि लालहित छु ।

### १३. श्री कृष्ण प्रसाद अधिकारी ।

स्वस्ती वाचन सहित सवैलाई नमस्कार । सभा पुष मसान्त भित्र हुनु पर्नेमा ढिलो भए पनि २१.०५२६४% नगद लाभांश प्रस्ताव गरेकोमा सवैलाई धन्यवाद । कम्पनीले विशेषत Women in insurance leadership मा अन्तर्राष्ट्रिय स्तरबाट सम्मान पाएकोमा अत्यन्त खुशि भएको छु । नेपालको नक्सा चित्रमा शाखा तथा उप–शाखा कार्यालयहरुको नाम र उल्लेखित शाखा तथा

उप–शाखा कार्यालयहरु रहेको स्थान समावेश गर्नका लागि सुझाव दिन चाहन्छु । कम्पनीले SWOT analysis गरेकोमा खुसि व्यक्त गर्दछु । संस्थापक तथा सर्वसाधारण शेयरधनीहरुको हिस्सा तथा प्रतिशत उल्लेख गर्न सुझाव दिन चाहन्छु । सञ्चालक समितिको बैंठक न्यूनिकरणका लागि अनुरोध गर्दछु । कम्पनीको आर्थिक सूचकांक तथा तथ्याङ्क उत्साहजनक छ । अन्त्यमा व्यावसाय वृद्धिका लागि शुभकामना सहित कम्पनीको आठौं वार्षिक साधारण सभाको सफलताको कामना गर्दछु ।

**१४. श्री धुब राज न्यौपाने ।**

मञ्चमा आसिन सभाध्यक्षज्यू, आदरणीय व्यक्तिवहरु, शेयरधनी साथीहरु, कर्मचारी वर्ग तथा उपस्थित सवैमा नमस्कार । प्रस्तावित लाभांशका लागि धन्यवाद यथाशिघ्र शेयरधनीहरुको खातामा लाभांश पठाईदिनुहुनका लागि अनुरोध गर्दछु । कम्पनीको वित्तीय सूचकांकका सम्बन्धमा जीवन बीमा कोष तथा नाफा बढेको देखिन्छ भने Reserve र जगेडा तथा कोष, Solvency ratio घटेको देखिन्छ । त्यस्तै ४३,००० अभिकर्ता रहेको उल्लेख गरेको भएता पनि कति अभिकर्ताहरु सक्रिय छन्? उल्लेखित मध्ये MDRT, TOT, COT को संख्या समेत उल्लेख गर्नुपर्ने सुझाव दिन चाहन्छु । Impairment loss देखिएकोले सो सुधार गर्नुपर्ने देखिन्छ । Market share न्यून रहेकोले वृद्धि गर्नका लागि आवश्यक कार्य गर्न अनुरोध गर्दछु । अभिकर्ता कमिशनमा समेत उचित कार्य गर्न अुरोध गर्दछु ।

**१५. श्री उत्तम पाठक ।**

अध्यक्षज्यू, सञ्चालकज्यूहरु, प्रमुख कार्यकारी अधिकृत, उच्च व्यवस्थापनका पदाधिकारी ज्यूहरु तथा उपस्थित शेयरधनीहरुमा सवैमा नमस्कार । यस अघिका बक्ताहरुबाट सबै विषयहरु आईसकेको हुनाले कम्पनीले चुक्ता पूँजी बढाए संगै Reserve पनि बढाउनु पर्ने दखिन्छ किन कि कम्पनीको Net worth र Reserve मजबुत भए मात्र उचित प्रतिफल दिन सक्षम हुने सुझाव दिन चाहन्छु । अन्य सम्पूर्ण पक्षहरु राम्रो रहेकोले सवैलाई धन्यवाद दिन चाहन्छु ।

**१६. श्री लक्ष्मण बहादुर श्रेष्ठ (लिखित राय सुझाव) ।**

वार्षिक साधारण सभाका अध्यक्षता ग्रहण गर्नु भएका यस कम्पनीका अध्यक्षज्यू, सञ्चालकज्यू, प्रमुख कार्यकारी अधिकृतज्यू, कम्पनी सचिव प्रकाश न्यौपानेज्यू लगायत सभामा सहभागि शेयरधनीहरुमा नमस्कार । कम्पनीले आर्थिक वर्ष २०८०/८१ मा २१.०५२६४% नगद लाभांश

दिन सफल भएकोमा धन्यवाद । आगामि आर्थिक वर्षमा लाभांश बढ्नुका साथै ५०/५० प्रतिशत को अनुपातमा बोनस र नगद दिन आग्रह गर्दछु । आगामी वार्षिक साधारणसभा आर्थिक सुशासनलाई ध्यान राखी प्रथम त्रैमास भित्र आयोजना गर्न अनुरोध गर्दछु । बीमा बजारमा आफुलाई अझ सशक्त रुपले अगाडि बढाउन कम्पनीले के-कस्तो योजना बनाएको छ ? भन्ने जानकार हुन चाहन्छु । कम्पनीको कर्पोरेट कार्यालय निर्माणमा के-कस्तो योजना रहेको छ ? जानकारीका लागि अनुरोध छ । कम्पनीको खर्चमा मितव्ययीता अपनाउन सञ्चालकलाई आग्रह गर्दछु । अन्त्यमा, आजको दिनसम्म कम्पनीलाई यहाँसम्म ल्याउन काम गर्ने कर्मचारीप्रति आभार प्रकट गर्दै साधारण सभाका प्रस्तावमा पूर्ण समर्थन जनाउँदै यो वार्षिक साधारणसभाको सफलताको शुभकामना व्यक्त गर्दछु ।

**१७. श्री उत्तम दत्त पाण्डे (लिखित राय सुझाव) ।**

यस आइ.एम.ई. लाइफ इन्स्योरेन्सको आठौं वार्षिक साधारण सभाका सभाध्यक्षज्यू, सञ्चालज्यहरू, प्रमुख कार्यकारी अधिकृतज्यू, कम्पनी सचिव तथा शेयरधनी साथीहरुमा बसन्त ऋतुको न्यानो अभिवादन व्यक्त गर्दछु । कम्पनीले दिर्घकालिन प्रतिफल दिने कम्पनीहरुमा लगानी गरेको स्वागत योग्य छ । कम्पनीले लगानीमा एकरुपता कायम गर्न कम्पनीको लगानी कम्पनी स्थापना गर्नुपर्ने देखिन्छ । प्रस्तावित लाभांशका लागि संचालक समिति तथा व्यवस्थापन समितिलाई धन्यवाद दिन चाहन्छु । साधारण सभाका सामान्य प्रस्ताव तथा विशेष प्रस्तावमा पूर्ण समर्थन रहेको छ । बीमालेख समर्पण गर्ने दर बढदो रहेकोले सो विषयमा कम्पनीले ध्यान दिनुपर्ने देखिन्छ । कम्पनीको वित्तीय विवरणबाट कम्पनीको बीमा शुल्क, लगानी तथा कर्जाको आम्दानी, खुद दाबी भुक्तानी, व्यवस्थापन खर्च, खुद नाफा, जीवन बीमा कोषमा वृद्धि भएको देखिन्छ भने अभिकर्ता कमिशन र जगेडा तथा कोषमा ह्रास आएको देखिन्छ । प्रतिवेदनमा कम्पनीको भावी योजनाहरु उल्लेख गर्न छुटे जस्तो देखिन्छ । कम्पनीको आफ्नै कर्पोरेट भवन निर्माणका सम्बन्धमा सञ्चालक समिति र व्यवस्थापन समितिको योजनाका सम्बन्धमा जानकार गराईदिनका अनुरोध गर्दछु । अन्त्यमा यस आइ.एम.ई लाइफ इन्स्योरेन्सको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

**१८. श्री जगन्नाथ आचार्य (लिखित राय सुझाव) ।**

यस आई.एम.ई. लाइफ इन्स्योरेन्स कम्पनीको आठौं वार्षिक साधारण सभामा आफ्नो लिखित विचारहरु राख्ने अवसर प्राप्त भएकोमा कम्पनी व्यवस्थापन प्रति आभार प्रकट गर्दछु । सर्वप्रथम यस कम्पनीले गत आ.व. २०८०/८१ को मुनाफाबाट शेयरधनीको लागि २१.०५२६४% नगद

लाभांशको प्रस्ताव ल्याएकोमा खुशी व्यक्त गर्दै उक्त लाभांश बोनस शेयर सहितको लाभांश भएको भए अझ बढी राम्रो हुने विचार प्रस्तुत गर्दछु । समीक्षा वर्षमा गत आ.व. को भन्दा आम्दानी, मुनाफा र EPS मा वृद्धि गर्न सफल भएको देखिन्छ । बीमा कम्पनीहरुले ठूलो परिमाणमा बैंक तथा वित्तिय संस्थाहरुको मुद्दती निक्षेपमा राखी प्राप्त ब्याजलाई आम्दानीमा देखाई आएकोमा हाल आएर ब्याज दरमा अत्याधिक ह्रास हुँदै गएको हुँदा बिगतमा जस्तो नाफा आर्जन गर्न नसकिने भएकोले कम्पनीले आफ्नो नाफा बढाउन आफ्नो कारोबारलाई ब्यापक बढाउने पर्ने देखिन्छ । विश्वमा भएको राजनैतिक तथा आर्थिक उतारचढावले विकासोन्मुख देशमा बेरोजगारीको समस्या बढ्ने हुँदा कम्पनीले आवश्यक रणनीति अपनाउनु पर्ने देखिन्छ । भविष्यमा भैपरि आउने आपत विपतका लागि सामना गर्न सदैब तयार हुनु पर्ने र "सबैको सुरक्षा I.M.E. Life Insurance Company Ltd. को इच्छा" भन्ने स्लोगनका साथ अगाडि बढ्न अनुरोध गर्दछु । संस्थागत सुशासनमा ध्यान दिदै समयमा नै वार्षिक साधारण सभा सम्पन्न गर्नुपर्ने सुझाव दिन चाहन्छु । सामाजिक उत्तरदायित्व अन्तर्गत गरिब जेहेन्दार विशेष गरी अपाङ्गहरुलाई मध्य नजरमा राखेर निजहरुमा आश्रित परिवारको शिक्षा दिक्षामा योगदान गरेमा अझ प्रभावकारी हुने सुझाव दिन चाहन्छु । साथै उल्लेखित रकम सहि तवरमा उपयोग भए/नभएको सुपरिवेक्षण (Monitor) गर्न अनुरोध गर्दछु । सञ्चालक देखि सम्पूर्ण कर्मचारीहरुको मन मस्तिष्कलाई सधै स्वस्थ र स्फुर्ती कायम राख्न कार्यालयमा योगा तथा ध्यानको व्यवस्था गर्नु पर्दछ । अन्त्यमा, आगामि दिनमा उच्च प्रतिफल सहितको बोनस शेयरको रुपमा लाभांश दिन सकिने क्षमताका साथ प्रस्तुत हुन वर्तमान सञ्चालक समितिलाई सफलता मिलोस् भन्दै साधारणसभाको सामान्य प्रस्ताव तथा विशेष प्रस्ताव पूर्ण समर्थनका साथ वार्षिक साधारण सभा भव्य र सफलताका साथ सम्पन्न होस् भन्ने कामना गर्दछु ।

**१९. श्री गोविन्द बहादुर के.सी (लिखित राय सुझाव) ।**

आई.एम. ई.लाइफ इन्स्योरेन्स कम्पनीको आठौं वार्षिक साधारण सभाका अध्यक्षज्यू, सञ्चालकज्यू, प्रमुख कायकारी अधिकृतज्यू, उच्च व्यवस्थापन तहका कर्मचारीज्यूहरु, कम्पनी सचिवज्यू तथा उपस्थित लगानीकर्ताहरुलाई हार्दिक नमस्कार । चुक्ता पूँजीको २१.०५२६४% नगद लाभांश दिन सक्नुभएकोमा सञ्चालक समिति, व्यवस्थापनलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु । आगामी दिनमा पनि यस प्रकारको प्रतिफलको अपेक्षा सहित सोही बमोजिमको कार्यलाई निरन्तरता दिन अनुरोध

गर्दछु । आठौं वार्षिक साधारण सभाले राखेको सामान्य प्रस्ताव र विशेष प्रस्तावमा पूर्ण समर्थन छ । कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

**२०. श्री इन्द्र प्रसाद लामिछाने (लिखित राय सुझाव) ।**

आई.एम.ई. लाइफ इन्स्योरेन्सका आदरणीय अध्यक्षज्यू, डयासमा आसिन सञ्चालकज्यूहरु, प्रमुख कार्यकारी अधिकृतज्यू, कम्पनी सचिवज्यू र यस गरिमामय साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी साथिहरु सवैमा हार्दिक नमस्कार । भरपर्दो र विश्वसनिय ग्रुपबाट प्रवर्धित कम्पनी भएकोले साधारण सभा गर्दका बखत अन्य कम्पनीहरुले तोकेको दिन एकसाथ नगरिदिनुहुनका लागि अनुरोध गर्दछु । २१.०५२६४% नगद लाभांश दिने प्रस्तावका लागि धन्यवाद दिन चाहन्छु । आगामी दिनमा पनि यस प्रकारको प्रतिफलको अपेक्षा सहित सोही बमोजिमको कार्य योजना बनाई आवश्यक कार्य गर्नका लागि अनुरोध गर्दछु ।

## १२. सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको जवाफः

अध्यक्षज्यूले शेयरधनीहरुको जिज्ञासाको जवाफ दिने कममा सम्पूर्ण सुझावहरुलाई मार्गदर्शनका रुपमा लिई अगाडि बढ्ने बताउनु भयो । त्यसैगरी शेयरधनीहरुको उपस्थिति तथा प्राप्त राय, सल्लाह तथा सुझावका लागि धन्यवाद दिनुभयो ।

वार्षिक साधारण सभामा भएको अन्तरक्रियामूलक कार्यले कम्पनीको सञ्चालक समिति, व्यवस्थापन, कर्मचारी तथा कम्पनीमा आवद्ध अभिकर्ताहरुमा थप उर्जा प्राप्त भएको जानकारी गराउनु भयो । कम्पनीको कर्पोरेट कार्यालय निर्माणका सम्बन्धमा उपयुक्त स्थानको खोजि कार्य भईरहेकोले सम्भव भए सम्म आगामी साधारण सभासम्म उक्त कार्य अघि बढने प्रतिबद्धता व्यक्त गर्नुभयो । कम्पनीको सञ्चालक समिति सदस्यको संयोजकत्वमा कम्पनीमा लेखापरीक्षण समिति रहेकोले उक्त समितिको सिफारिसमा कम्पनी ऐन, २०६३ र बीमा ऐन, २०७९ बमोजिम र सो अन्तर्गत बनेका नियम, निर्देशन बमाजिम कम्पनीको आन्तरीक तथा बाह्य लेखापरीक्षक नियुक्त गर्ने अभ्यास रहेको जानकारी दिनुभयो । बोनस शेयर सहितको नगद लाभांशका सम्बन्धमा आगामी दिनहरुमा आवश्यक गृहकार्य गर्ने प्रतिवद्धता सहित प्राप्त भएका सुझावहरु कार्यान्वयन गर्न सदैव कटिबद्ध रहेको जानकारी गराउनुभयो ।

१३. सभाको निर्णयः

(क) सामान्य प्रस्तावहरुः

**(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिबेदन छलफल गरी पारित गर्ने सम्बन्धमा ।**

सञ्चालक समितिको तर्फवाट अध्यक्षज्यूले आठौं वार्षिक साधारण सभामा प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल पश्चात पारित गर्न अध्यक्षज्यूले निर्णयार्थ सभामा प्रस्तुत गर्नु भएकोमा उक्त प्रतिवेदन सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

**(२)लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८०/०८१ (NFRS बमोजिम) को वासलात, नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तन तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धीत अनुसूचीहरु सहितको वित्तीय विवरण माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।**

लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८०/०८१ (NFRS बमोजिम) को वासलात, नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तन तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धीत अनुसूचिहरु सहितको वित्तीय विवरण माथि विस्तृतरुपमा छलफल गरी पारित गर्नका लागि अध्यक्षज्यूले सभा समक्ष पेश गर्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

**(३) कम्पनीको लेखापरीक्षण समितिबाट सिफारिस भई आए बमोजिम आर्थिक वर्ष २०८१/०८२ का लागि कम्पनीको बाह्य लेखापरीक्षकको नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा । (वर्तमान लेखापरीक्षक श्री एस.ए.आर एशोसिएट्स चाटर्ड एकाउन्टेन्ट्स पुनः नियुक्त हुन सक्नु हुनेछ)**

कम्पनीको लेखापरीक्षण समितिको मिति २०८१/११/०२ गते बसेको ५४औं बैंठकबाट सिफारिस भई आए बमोजिम आर्थिक वर्ष २०८१/०८२ को लागि कम्पनीको बाह्य लेखापरीक्षककोरुपमा श्री एस.ए.आर एशोसिएट्स चाटर्ड एकाउन्टेन्ट्स (S.A.R. Associates Chartered Accountants) फर्म पुनः नियुक्त हुन सक्ने भएकोले उक्त चाटर्ड एकाउन्टेन्ट्स फर्मलाई आर्थिक वर्ष २०८१/०८२ को लागि कम्पनीको लेखापरीक्षकमा नियुक्त गर्न र निजको पारिश्रमिक मु.अ.क.सहित

रु.५,६५,०००/-(अक्षरेपी पाँच लाख पैंसठ्ठी हजार रुपैंया मात्र) निर्धारण गर्नका लागि अध्यक्षज्यूले सभा समक्ष राख्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिबाट स्वीकृति प्रदान गर्‍यो ।

**४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०८०/०८१ को वितरण योग्य मुनाफाबाट कम्पनीको हाल कायम रहेको चुक्ता पूँजी रु. ५,००,००,००,०००/-(अक्षरेपी पाँच अर्व मात्र) को २१.०५२६४% (अक्षरेपी एक्काईस दशमलव शुन्य पाँच दुई छ चार प्रतिशत) का दरले हुने रकम रु. १,०५,२६,३२,०००/-(अक्षरेपी एक अर्व पाँच करोड छब्बीस लाख बत्तीस हजार रुपैंया मात्र) नगद लाभांश (कर प्रयोजन समेतको लागि) वितरण गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।**

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०८०/०८१ को वितरण योग्य मुनाफाबाट कम्पनीको हाल कायम रहेको चुक्ता पूँजी रु. ५,००,००,००,०००/-(अक्षरेपी पाँच अर्व मात्र) को २१.०५२६४% (अक्षरेपी एक्काईस दशमलव शुन्य पाँच दुई छ चार प्रतिशत) का दरले हुने रकम रु. १,०५,२६,३२,०००/-(अक्षरेपी एक अर्व पाँच करोड छब्बीस लाख बत्तीस हजार रुपैंया मात्र) नगद लाभांश (कर प्रयोजन समेतको लागि) वितरण गर्ने प्रस्ताव पारित गर्ने अध्यक्षज्यूले सभा समक्ष राख्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गर्‍यो ।

**(ख) विशेष प्रस्तावहरु :**

**(१) कम्पनीको प्रबन्ध-पत्र तथा नियमावली अभिलेख गर्ने निकायबाट कुनै फेरवदलको निर्देशन प्राप्त भएमा सोही अनुसार फेरवदल गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।**

कम्पनीको प्रबन्ध-पत्र तथा नियमावली अभिलेख गर्ने निकायबाट कुनै फेरवदलको निर्देशन प्राप्त भएमा सोही अनुसार फेरवदल गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सभाध्यक्षज्यूले सभा समक्ष राख्नु भएको विशेष प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गर्‍यो ।

**(२) कम्पनी ऐन, २०६३ को दफा १०५(१) (ग) बमोजिम आर्थिक वर्ष २०८०/०८१ मा कम्पनीबाट संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएका खर्चहरु अनुमोदन गर्ने सम्बन्धमा ।**

कम्पनी ऐन, २०६३ को दफा १०५(१) (ग) बमोजिम कम्पनीको आर्थिक वर्ष २०८०/०८१ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको २३ लाख १९ हजार ९ सय ८३ रुपैंया खर्च अनुमोदन गर्न सभाध्यक्षज्युले सभा समक्ष पेश गर्नु भएको विशेष प्रस्ताव सभाले सर्वसम्मतिबाट अनुमोदन गऱ्यो ।

**(ग) विविध ।**

कम्पनीका अध्यक्षज्यूले विविध प्रस्ताव अन्तर्गत कुनै पनि प्रस्ताव नभएको जानकारी गराउंनु भयो ।

**१४. धन्यबाद ज्ञापन तथा सभा बिसर्जन:**

छलफल तथा निर्णयको कम समाप्त भएपछि अध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सकिय रुपले सहभागी भई कम्पनीको उन्नति र प्रगतिमा निरन्तर अमूल्य सुझाब र सहयोग गर्ने आदरणीय शेयरधनी महानुभावहरुमा हार्दिक आभार तथा कृतज्ञता ज्ञापन गर्नुभयो । त्यसैगरी कम्पनी प्रति विश्वास र भरोसा गर्नुहुने समस्त बीमितहरु, नियमनकारी निकाय श्री नेपाल बीमा प्राधिकरण, श्री कम्पनी रजिष्टारको कार्यालय, श्री धितोपत्र वोर्ड, श्री नेपाल स्टक एक्सचेञ्ज, श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड लगायत सम्पूर्ण नियमनकारी निकायहरु, कम्पनीको शेयर रजिष्ट्रार, पुनर्बीमा कम्पनी, कम्पनीको व्यवस्थापन समुह, कर्मचारीहरु, अभिकर्ताहरु, पत्रकारहरु, बैंक तथा वित्तीय संस्थाहरु एवं सम्पूर्ण शुभेच्छुकहरु सवै प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दै दिनको १.१५ बजे सभा बिसर्जन गर्नु भयो ।

..................
प्रकाश न्यौपाने
कम्पनी सचिव

..................
डा. रामहरि अर्याल
अध्यक्ष

मिति:२०८१/१२/१९